# लोक सेवा आयोग
## प्रशासन तथा निरीक्षण महाशाखा

पत्र संख्याः प्र. ०७३/७४

चलानी संख्याः

## प्रेस विज्ञप्ती

लोक सेवा आयोगले अनलाईन मार्फत दरखास्त लिन शुरू गरेको व्यहोरा सबैमा विदितै छ । लोक सेवा आयोगद्वारा मिति २०७३।०९।२७ गते प्रकाशित एकीकृत सेवा, रा.प.अनं.प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह पदको खुला तथा समावेशी तर्फको विज्ञापनमा अनलाईन मार्फत दरखास्त फाराम बुझाउने आकांक्षीहरूको संख्या अत्यधिक रहेको र यो संख्या मूलतः दरखास्त फाराम बुझाउने अन्तिम समयमा अत्यधिक भएकोले आयोगको अनलाइन प्रणालीमा अत्यधिक भार पर्न गई दरखास्त फाराम बुझाउने प्रक्रियामा केही प्राविधिक समस्या देखिएको हुँदा नायब सुब्बा वा सो सरहको उल्लेखित विज्ञापनमा दरखास्त फाराम बुझाउने अन्तिम मिति २०७३।१०।१८ कायम भएकोमा सो मितिमा ३ (तीन) दिन थप गरी मिति २०७३।१०।२१ सम्म र दोब्बर दस्तुर मिति २०७३।१०।२८ सम्म कायम गरिएको छ ।

साथै, उम्मेदवारको शैक्षिक योग्यता, उमेर, तालिम, अनुभव लगायतका सम्पूर्ण योग्यता सम्बन्धी विवरण मिति २०७३।१०।१८ सम्म मात्र कायम हुने तथा परीक्षा कार्यक्रम भने यथावत् नै रहेको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

लक्ष्मीविलास कोइराला
प्रवक्ता/सहसचिव
२०७३।१०।१८ गते

☎ ४७७१४९२, फ्याक्स : ९७७-०१-४७७१४९० । Website:– www.psc.gov.np, E-Mail:– info@psc.gov.np